वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष ४४ अंक २९९ | २०८२ चैत्र ०८ गते आइतबार, नेपाल सम्वत् ११४६ March 22, 2026 | पृष्ठ ४ | मूल्य : रू. ५/-






**पिप्ले–जुमडाँडा नाली निर्माण तथा ढलान :** तनहुँको बन्दीपुर गाउँपालिका–४ पिप्लेदेखि जुमडाँडासम्म सडकको नाली निर्माण तथा सडक ढलान कार्य गरिदै । गण्डकी प्रदेश सरकारको भौतिक पूर्वाधार कार्यक्रम अन्तर्गत विनियोजित बजेटको दिगो र गुणस्तरीय प्रयोगका लागि स्थानीयको सक्रिय अनुगमन आवश्यक रहेको भन्दै गाउँपालिकाले निर्माण कार्य समयमै सम्पन्न गर्न सबैको सहयोगको आग्रह गरेको छ । *तस्विर : भञ्ज्याङ*

# जिपी उपचार केन्द्रमा मातृत्व कक्ष निर्माण गरिदै

**भञ्ज्याङ समाचारदाता**/दमौली

तनहुँको शुक्लागण्डकी नगरपालिका–५ बेलचौतारास्थित जिपी कोइराला श्वासप्रश्वास उपचार केन्द्रमा मातृत्व कक्ष निर्माण गरिने भएको छ । अस्पतालको माथिल्लो तलामा मातृत्व कक्ष निर्माणका लागि अस्पतालले बोलपत्र आह्वान गरेको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको रू एक करोड ३० लाख ५३ हजार ६४ को लागतमा मातृत्व कक्ष निर्माण गर्न लागिएको सामुदायिक अस्पतालको स्वामित्व विसं २०७५ सालमा जिपी कोइराला श्वासप्रश्वास उपचार केन्द्रलाई हस्तान्तरण गरिएको थियो। हाल उपचार केन्द्रको नाममा ७४० रोपनी जग्गा प्राप्ति भइसकेको छ। अस्पतालमा सवारी दुर्घटनाका घाइतेको अलवा झाडापखला, टाइफाइड, ज्वरो, ग्याष्ट्रिक, पेटसम्बन्धी र हाडजोर्नीका बिरामीहरु नियमित आउने गरेका छन् । उपचार केन्द्रले पछिल्लो समययता विभिन्न स्वास्थ्य सुविधा थप गर्दै गएको छ। जनतालाई सहज रुपमा सबै



अस्पतालका कार्यकारी निर्देशक डा रामकुमार श्रेष्ठले जानकारी दिए । मातृत्व कक्ष निर्माणपछि क्षेत्रीयस्तरमा प्रसुती तथा नवजात शिशु सेवा थप प्रभावकारी हुने विश्वास लिइएको श्रेष्ठले बताए।

निर्माण हुने मातृत्व कक्षमा प्रसूति बेड, नवजात शिशु हेरचाह उपकरण, आवश्यक स्वास्थ्य सामग्री, स्वच्छ वातावरण तथा बिरामी र कुरूवाका लागि आधारभूत सुविधा उपलब्ध गराउने योजना रहेको छ । दक्षिण एसियाकै उत्कृष्ट श्वासप्रश्वास उपचार केन्द्रका रुपमा स्थापना गर्न सरकारले विसं २०६७ सालमा पूर्व प्रधानमन्त्री स्व गिरीजाप्रसाद कोइरालाको नाममा राष्ट्रियस्तरको श्वासप्रश्वास उपचार केन्द्र स्थापना गर्ने निर्णय गरेको थियो ।

सोही ठाउँमा रहेको सेतीगङ्गा प्रकारका स्वास्थ्य सेवा दिने उद्धेश्यसहित सुविधा विस्तार गरिएको उपचार डा श्रेष्ठले बताए ।

अस्पतालमा तनहुँको शुक्लागण्डकी नगरपालिका, भीमाद नगरपालिका, म्याग्दे गाउँपालिका, रिसिङ गाउँपालिकासहित स्याङ्जा, पाल्पा र नवलपरासी जिल्लाका केही गाउँपालिकाका जनता पनि सेवा लिन आउँछन् । अस्पतालले विशेषज्ञ चिकित्सकबाट हाडजोर्नी तथा नशारोग, जनरल सर्जरी, इन्टरनल मेडिसिन सेवा प्रदान गरिरहेको छ। त्यसबाहेक अस्पतालले कल्चर सेवा, ओपिडी सेवा, चौबिसै घण्टा इमर्जेन्सी सेवा, ल्याव, भिडियो एक्सरे सेवा, माइनर अप्रेशन लगायत सेवा दिइरहेको छ । अस्पतालले श्वासप्रश्वासको उपचार सेवा पनि सुरू गरिसकेको छ ।

# दोब्बर गतिमा हिउँ गुमाउँदै हिमनदी

**भीष्मराज ओझा**/काठमाडौं

जलवायु परिवर्तनले बढ्दो विश्वव्यापी तापक्रमका कारण हिन्दुकुश हिमालय (एचकेएच) क्षेत्रका हिमनदीहरु तीव्र गतिमा पग्लिरहेका छन् । पछिल्लो अध्ययनले यस क्षेत्रमा सन् २००० यता हिउँ पग्लने दर दोब्बर भएको देखाएको छ । अन्तर्राष्ट्रिय एकीकृत पर्वत विकास केन्द्र (इसिमोड)ले गरेको पछिल्लो अध्ययन प्रतिवेदनअनुसार सन् १९७५ यता हिमनदीको मोटाइ २७ मिटरसम्म घटेको छ । यसले 'एसियाका वाटर टावर' (पानीका स्रोत) बाट बग्ने पानीमा निर्भर तल्लो तटीय क्षेत्रका झन्डै दुई अर्ब मानिसका लागि खतराको संकेत देखाएको छ ।

प्रतिवेदनहरूले यस क्षेत्रमा भइरहेको हिमनदी परिवर्तनको हालसम्मकै सबैभन्दा विस्तृत प्रमाण प्रस्तुत गरेका छन् । 'सन् १९९० देखि २०२० सम्म हिन्दुकुश हिमालय क्षेत्रका हिमनदीको परिवर्तनशील गतिशीलता' र 'हिन्दुकुश हिमालय (एचकेएच) हिमनदी परिदृश्य २०२६ : हिमाली हिमनदी अनुगमनको ५० वर्षका अन्तर्दृष्टि' नामक उक्त प्रतिवेदनहरु इसिमोडले विश्व हिमनदी दिवसको अवसरमा शनिबार सार्वजनिक गरेको हो ।

हिन्दुकुश हिमालयमा ध्रुवीय क्षेत्र बाहिर सबैभन्दा बढी हिउँ रहेको छ, जहाँ ६३ हजार ७०० भन्दा बढी हिमनदीहरूले करिब ५५ हजार ७८२ वर्ग किलोमिटर क्षेत्र ओगटेका छन् । यी हिमनदीहरु एसियाका कम्तीमा १० प्रमुख नदी प्रणालीका स्रोत हुन्, जसले अर्बौं मानिसको खाद्य, पानी, ऊर्जा र जीविकोपार्जनको सुरक्षामा सहयोग पुर्‍याउँछन् ।

समुद्री सतहबाट चार हजार ५०० देखि छ हजार मिटर उचाइमा रहेका करिब ७८ प्रतिशत हिमनदी



क्षेत्रहरु 'उचाइमा आधारित बढ्दो तापक्रमको उच्च जोखिम'मा रहेका प्रतिवेदनमा उल्लेख छ। "यो कुनै टाढाको समस्या होइन, यो त हरेक गर्मी र मनसुनमा नयाँ विपद्का रुपमा प्रकट भइरहेको वास्तविक सङ्कट हो। यस शताब्दीमा हिउँ पग्लिने दर दोब्बर हुनुले हामी सबैलाई स्तब्ध बनाउँदै कार्यका लागि प्रेरित गर्नुपर्छ," इसिमोडका महानिर्देशक पेमा ग्याम्त्सोले भन्नुभयो, "हिन्दुकुश हिमालय अहिले एउटा दोबाटोमा छ। पानीको अनिश्चिततादेखि विनाशकारी बाढीसम्मका तीव्र रुपमा बढ्दो प्रभावहरूले हामी हिउँमण्डलका लागि निर्णायक दशकमा छौं भन्ने स्पष्ट पारेको छ। हामीले अहिले नै अनुगमन बढाउन र अनुकूलनमा लगानी गर्नुपर्छ। यी 'ब्लाइन्ड स्पट' (जानकारीविहीन क्षेत्र)बाट सुरू हुने अनपेक्षित घटना रहेनन्, यो हाम्रो नयाँ यथार्थ हो।"

**हिमनदीको १२ प्रतिशत क्षेत्रफल ह्रास**

विस्तृत विश्लेषणले सन् १९९० र २०२० को बीचमा हिन्दुकुश हिमालयका हिमनदीले आफ्नो कूल क्षेत्रफलको करिब १२ प्रतिशत र अनुमानित हिउँ भण्डारको नौ प्रतिशत हिस्सा गुमाएको देखाएको छ । इसिमोडका रिमोट सेन्सिङ विश्लेषक तथा हिमनदी गतिशीलता प्रतिवेदनका मुख्य लेखक सुदनविकास महर्जनका अनुसार सबैभन्दा तत्कालको खतरा यस क्षेत्रका साना हिमनदीहरूबाट छ ।

"सन् १९९० र २०२० को बीचमा हिमनदीले कूल क्षेत्रफलको करिब १२ प्रतिशत हिस्सा गुमाए तापनि यो क्षति शून्य दशमलव पाँच वर्ग किलोमिटरभन्दा साना हिमनदीहरुमा सबैभन्दा तीव्र छ, "विश्लेषक महर्जनले भन्नुभयो, "यसले उच्च हिमाली समुदायका लागि स्थानीयस्तरमा पानीको अभावको तत्काल जोखिम निम्त्याउँछ र हिमताल विष्फोटजस्ता खतरालाई

बाँकी अन्तिम पेजमा

# गाँजाखेतीसम्बन्धी विधेयकमाथि समितिमा छलफल जारी

**भञ्ज्याङ समाचारदाता**/गण्डकी

गाँजाखेतीलाई कानुनी वैधता दिन गण्डकी प्रदेश सरकारले ल्याएको विधयक प्रदेशसभाको अर्थ तथा विकास समितिमा छलफलका क्रममा छ। गत कात्तिकमा प्रदेशसभामा पेस भएको 'औषधिजन्य तथा औद्योगिक प्रयोजनका लागि गाँजाखेतीलाई नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' लाई प्रदेशसभाको यही कार्यकालमा पास गर्ने सरकारको तयारी छ ।

विधेयकबारे विज्ञसहित सरोकार भएका पक्षहरूबीच छलफल तथा रायसुझाव संकलन गर्ने कार्य भइरहेको समितिका सभापति भोजराज अर्यालले बताउनुभयो । गत सोमबार विशेषज्ञसहित बसेको बैठकबाट विधेयकमा थप स्पष्टता ल्याउनुपर्ने लगायतका विषयमा महत्त्वपूर्ण सुझाव प्राप्त भएको उहाँको भनाइ छ। "विधेयकमा संशोधन प्रस्ताव राख्नुभएका प्रदेशसभा सदस्यज्यूहरूसँग छलफल गर्दै छौं, सबैका रायसुझावलाई समेटेर प्रतिवेदन तयार गर्छौं, सभापति अर्यालले भन्नुभयो ।

विधेयकमा रहेका कतिपय व्यवस्थाका बारेमा थप स्पष्टता ल्याउनुपर्ने देखिएकाले सो विषयमा सरकारसँग छलफल गरिने उहाँले बताउनुभयो । गाँजाखेती संवेदनशील विषय भएकाले हतार नगरी परिपक्क ढङ्गले विधेयकलाई पूर्णता दिइने उहाँको भनाइ छ । "आवश्यकता पर्दा पुनः विज्ञहरूसँग छलफल गर्छौं, समितिमा दफाबार छलफल सकिएपछि छलफलका लागि विधेयक प्रदेशसभामा जान्छ",

बाँकी तेश्रो पेजमा

# तनहुँको सर्वोच्च शिखर छिम्केश्वरीको यात्रा : सन्दर्भ एक प्रसंग अनेक

**विषय प्रबेश**

तनहुँको आँवुखैरेनी गाउँपालिका उत्तरमा मरस्याङ्दी, दक्षिणमा त्रिशुली र सेतीमादी, पूर्वमा मर्स्याङ्दी र त्रिशुली लगायतका पावन नदीहरूले वेष्ठित छ भने पश्चिममा पहाडकी रानी बन्दीपुर गाउँपालिकाले वेष्ठित अति पवित्र र पावनभूमि हो। तनहुँको सर्वोच्च शिखरमा रहेको छिम्केश्वरीमाइ मन्दिर तनहुँ जिल्लाको आँबुखैरेनी गाउँपालिकाको वडा नं. ५ र ६ मा रहेको छिम्कालेखको पर्वत श्रृंखलामा पर्दछ। पंक्तिकार स्वयं तनहुँ निवासी भएकै कारण पनि तनहुँको सर्वोच्च शिखरमा नपुग्दासम्म मनमा खुल्दुली बढिरहनु स्वभाविकै पनि हो। मनको खुल्दुली मेटाउनकै लागि २०८२ साल फाल्गुण २९ गतेका दिन छिम्केश्वरीमाईको दर्शन गर्न जाने निधो गऱ्यौं । टिमको प्रतिवद्धता अनुसार विहान ७.१५ बजे मात्र भेटघाटचोक दमौलीमा स्कारपियोका साथ सवारी चालक नवराज आइपुगे। यात्राका हामी सहयात्रीहरू विहान ७:०० बजे नै भेटघाटचोकमा जम्मा भइसकेका थियौं । विहान ७.२० बजे मात्र हामीले दमौलीबाट छिम्केश्वरीका लागि प्रस्थान गऱ्यौं।

सर्वप्रथम हामी आँबुको बजार भन्दा केही किलोमिटरको दुरीमा रहेको ऐनापहरा पुगेर त्यहाँको बस्तुगत र धार्मिक महत्वका विषयमा लिइएका वार्ताका अंशलाई डायरीमा नोट गऱ्यौं। ऐना पहराको अवलोकन र त्यहाँका खोलामा जलसैंचनकै पश्चात मात्र हामी छिम्केश्वरी मन्दिर प्राङ्गणमा पाइला चालेका थियौं। छिम्केश्वरीमाइको मन्दिरसम्म पुग्न विभिन्न मार्गहरू रहेका छन्। सहज मार्गहरूमा दमौली डुम्रे बन्दीपुर हुँदै हिलेखर्क र दमौली डुम्रे, सत्रसय बरादीफाँट हुँदै हिलेखर्कसम्म मोटर मार्ग र त्यहाँबाट पैदलै हिंडेर छिम्केश्वरीको चुचुरोमा पुग्न सक्दथ्यौं ।

यसै गरी हामी दमौली डुम्रे आँबुखैरेनी बजारको गाउँपालिका भवनको मार्ग हुँदै लाब्दीसम्म पिच मार्ग र करिव ३ किलोमिटर अफरोड बाटो तय गरेपछि करिव ४५ मिनेटको पैदल यात्रा तय गरेर छिम्केश्वरी सहजै पुग्न सकिन्छ । हुन त दमौली सारङघाट-घुमाउनेघाट पुगेर त्यहाँबाट हामी लाब्दीसम्म पुरै सिङ्गल लेनको कच्ची मोटर मार्ग हुँदै छिम्केश्वरी पुग्न सक्दछौं । मोटर मार्ग कच्ची र सिङ्गल लेनको बाटो हुनाले यो बाटो यात्रा गर्दा अलि कठिन हुने हुँदा बन्दीपुर र आँबुखैरेनीका मार्गहरू नै सहज मार्ग देखिएका छन् । तर पनि हामीले पहिलो रोजाइ ऐना पहराको अवलोकन र तत्पश्चात छिम्केश्वरीसम्म पुग्दा आँबु गाउँपालिकाको कार्यालयको नजिकै रहेको छिम्केश्वरी मार्ग हुँदै आँवुगाउँको लाब्दीसम्म १६ किलोमिटर पक्की सडक र तीन किलोमिटर अफरोडको यात्रा सम्पन्न हुनसाथ करिव ४५ मिनेटको पैदल यात्रा सम्पन्न गरेर मात्र हामी छिम्केश्वरीको शिखरमा पुग्न सफल भएका थियौं ।




**छिम्केश्वरीको ऐतिहासिक महत्व**

पाल्पाको राज मणिमुकुन्दसेनले पूर्वि विजय अभियान चलाउँदा वि.सं. १५८०/१५८१ को बीचमा आँबुकोटमा रहेको मगर/तमाङ घले राजाको शासन सत्ताको प्रभुत्व समाप्त गराइ आफ्नो प्रभुत्व कायम गरेको हुनु पर्दछ । छिम्केश्वरी माताको पजा आराधना गरेमा आँटे ताकेको कुरा पुग्छ भन्ने विश्वास प्राप्त गरेका तनहुँका राजा दामोदर सेनले छोरी मल्लिकावतीको छोरा नरभूपाल शाहले गोरखाको राजगद्धी प्राप्त गरून भनि वि.सं. १७५३ मा छिम्केश्वरीमाताको मन्दिरमा पुरश्चरण गरेको ऐतिहासिकता पाइन्छ । यसै गरी तनहुँका अर्का राजा त्रिविक्रम सेनले पनि खैरेनी मुकाममा रहँदा वि.सं. १८१५ मा एउटा रजवन्धकी लेखेको पत्र अहिले आएर फेला परेको छ ।

**आँबुखैरेनीको ऐनापहरा र छिम्केश्वरीमाईको प्रसङ्ग**

समुन्द्र सतहबाट २१३४ मिटरको उचाइमा र १२८ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको आँबुखैरेनी गाउँपालिकाको छिम्केश्वरी डाँडाको चुचुरोमा छिम्केश्वरीमाइ र सहोदर दिदी बूढीभगवतीमाइलाई समेत बढीमा २०० मिटरको दुरीमा एउटै शिखरमा स्थापना गरिएको छ । संस्कृत भाषामा 'आ' भन्नाले पानी तथा खोला (तीनैतिरबाट नदी र खोलाले बेष्ठित गाउँ) र 'ब' भन्नाले बगैंचा (आँबुमा आँपको बगैंचा प्रशस्त थियो) भन्ने जनाउने भएकोले कालन्तरमा आँब शब्दको 'ब' अक्षरमा उकार थपिन गइ शब्दमा मिठासपन प्रदान गर्न पुग्दा आँबु बन्न गएको पनि हुन सक्दछ। अर्को अर्थमा 'आ' भन्नाले आद्यशक्ति पार्वती र 'बु' भन्नाले बूढीभगवती भन्ने गरिएको लोकोक्तिलाई छोटकरीमा आँबु भन्न थालिएको हुन सक्दछ। छिम्केश्वरी डाँडामा पानीको अभाव हुनाले छिम्केश्वरीमाई पूर्वोत्तरतर्फ रहेको ऐनापहरा समिपका सिंउडीखोला र मर्स्याङ्दी नदीको दोभान (समुन्द्र सतहदेखि ३२० मिटरको उचाई)मा पुगेर हरेक दिनको शुभमुहुर्तमा गण्डकी स्नान गरेर ऐना पहारामा रहेको ऐनामा हेरी कपाल कोरीबाटी गरी छिम्काको लेखमा गएर बस्ने भएकाले हरेक भक्तालुले ऐनापहरामा बग्ने सिउंडी खोला र मर्स्याङ्दी नदीको वेनीमा स्नान गरेर छिम्केश्वरीमाईको दर्शन गरेमा आफुले ताकेको र कल्पेको मनोकाँक्षा पुरा हुने जनविश्वास रही आएको पाउँदछौं ।

अहिले आँबु गाउँपालिकाले यस ऐना पहरालाई पर्यटन मैत्री स्थल बनाएको भेटियो । गाउँपालिकाले यहाँको पहरामा कला भरेर पर्यटकहरू आकर्षित गर्ने रणनीति तय गरेको छ । प्राकृतिक रूपममै बनेका अनुभूति हुने गरी तयार गरिएका यहाँका गणेश भगवानको मूर्ति, आमा छोराको वात्सल्य झल्कने मूर्ति र स्वर्गका अप्सरा नाचीरहेको अनुभूत मिल्ने मूर्ति, हात्तीको आकृति र ५० मिटर अग्लो र ५७ मिटर लम्वाइको स्काइ वाक गर्न मिल्ने पुल र ऐना पहरा पार्क निर्माण गरिएको छ ।

**तनहुँकै सर्वोच्च शिखर छिम्कालेख, बूडीभगवती र छिम्केश्वरीमाइको प्रसंग**

नेपाल हिमाल पहाड तराइ समेतको अभिन्न भूभाग हो । छिम्केश्वरी शिखर महाभारत पर्वत श्रृंखलामा पर्दछ । समुन्द्र सतह भन्दा २१३४ मिटरको उचाइमा रहेको छिम्कालेखको शिखर तनहुँकै मात्र नभएर महाभारत पर्वत श्रृङ्खलाकै सर्वाधिक अग्लो शिखर हो । छिम्केश्वरीको लेक पुगिसकेपछि पैदलमार्गको दायाँवायाँ दुबै तर्फ दोहोरो लाइनमा ११ भन्दा बढी प्रजातिका लालीगुराँसका फूलहरूले मानिसलाई मन्त्र मुग्ध बनाउने गर्दछ । छिम्केश्वरी उकालो लाग्दै गर्दा यहाँ भेटिने तान्त्रिक देवता शिद्धभैरवको थान, चन्द्रसूर्य अङ्कित नेपालको राष्ट्रिय झण्डाहरूले पनि हामीलाई मन्त्रमुग्ध र रोमाञ्चक नै बनाएको थियो । छिम्केश्वरीको प्राङ्गढमा पुगेपछि यहाँको सितल हावाले झन मनै पुलकित बनाउँछ भने बूढीभगवतीको थानबाट देखिने हिमश्रृंखला, महाभारत पर्वत श्रृंखला, सेती, मादी, मर्स्याङ्दी, त्रिशुली नदी र यसका सहायक नदीहरूले बनाएका बेसी तथा टारहरू र उपत्यकाहरूको अवलोकन गर्दा झनै मन्त्रमुग्ध बनाउने गर्दछ । छिम्केश्वरीको मनमोहकताले यो ठाउँ कहिल्यै नछोडौं जस्तो लाग्ने गर्दछ । यही शिखरमा जेठी दिदी बूढीभगवती र माहिली बहिनी छिम्केश्वरीमाईको मन्दिरहरू २०० मिटरका दुरीमा रहेका छन् । छिम्केश्वरीमाईका अन्य दिदी बहिनीहरूमा साहिली बहिनी गोरखकालीकामाई, काइली बहिनीमा मनकामनामाई, ठाइली बहिनीमा इच्छाकामनामाई अन्तरी बहिनीमा अन्नापूर्णामाई र कान्छी बहिनीमा अकलामाईलाई मान्दै आएको कुरा आँवुखैरेनी गाउँपालिका वडा नं. ६ घलेडाँडा निवासी छिम्केश्वरीमाईका पूजारी आइतसिंह गुरूङ र वडा नं ६ लाब्दी निवासी छिम्केश्वरीमाईकै दोश्रो पुजारी पदमबहादुर गुरूङले हामीलाई बताए ।

आँबुखैरेनी गाउँपालिकाको भवन देखि छिम्केश्वरीको लाब्दीसम्म पुगिने १५ कि.मि. मोटर मार्ग बनाउन गण्डकी प्रदेश सरकारबाट करिव ८ करोड ४७ लाख, संघीय सरकारबाट पनि ८ करोड ४७ लाख र आँबुखैरेनी गाउँपालिकाको ४५ लाख बजेट खर्च गरेर कालोपत्रे सडक निर्माण कार्य सम्पन्न भएको छ । यसै गरी छिम्केश्वरी पर्यटन पूर्वाधार निर्माण कार्यक्रम अन्तरगत मन्दिर परिसरमा ढुङ्गा छाप्ने, रेलिङ निर्माण, सुक्खा ढुङ्गाको सिढीं बाटो र पानीपोखरी निर्माण कार्य गर्नका लागि आ.व. २०७५/०७६ मा गण्डकी प्रदेश सरकारको रू ३३,१०,४४८/४२ विकास बजेट र जनताको लागत सहभागितामा रू ८,५३,२५८/६२ मा सम्पन्न भएको थियो। यसैगरी आर्थिक वर्ष २०७६/०७७ मा गण्डकी प्रदेश सरकारले सिंढी बाटो निर्माणको लागि रू २७,७७,५०८।९५ र जनताको लागत सहभागिताबाट रू ७,२१ ६३२।८४ बराबारको जन सहभागितामा जुटाइ निर्माण कार्य सम्पन्न भएकोले अहिले छिम्केश्वरी पुग्न सहज देखिन्छ ।

सुमेरू पर्वत र समुन्द्र मन्थनको प्रसङ्ग नेपाली तथा संस्कृत भाषामा मेरू भन्नाले मन्त्र जप गर्दा मन्त्र जपिने मालाको दुबै तर्फको टुप्पा जोडेर माथि राखिने रूद्राक्षको दाना तथा हारको बीचको मणिलाई सुमेरू भन्ने गरिन्छ अर्को अर्थमा मेरू भन्नाले हारको बीचको मणि, पृथ्वीको उत्तर दक्षिण धूर्वको केन्द्रविन्दु र शरिरको मेरूदण्डलाई पनि मेरू भनने गरिन्छ । पृथ्वी उत्पतिको अवस्थामामा भारतवर्ष उपमहाद्वीप सागरको रूपमा विद्यमान रहेको थियो । उत्तरी र दक्षिण धूर्वको बिस्तारै बिस्तारैको थिचाइले यहाँको जमिन बिस्तारै बिस्तारै सागरबाट माथि उठ्दै जाँदा भारतीय महाद्वीपको उत्पति भएको मानिन्छ। सत्युगकै कुनै कल्पमा देवता र राक्षसहरू परस्परमा मिलेर दूध (क्षीर) सागरको तीरमा पुगे । मन्दराचल पर्वतलाई मदानी र वासुकी नागको नेतीका सहयोगल दूध (क्षीर) सागर मन्थन गरेर समुन्द्रबाट अमृत निकाल्ने छलफल भएको थियो । समुन्द्र मन्थनको बेला कालकुट विष लगायत कामधेनु गाई उच्चैश्रवा घोडा, ऐरावत हात्ति, कौस्तुभ मणि, कल्पवृक्ष, रम्भा, अप्सरा, देवी लक्ष्मी, वारूणी (मदिरा) चन्द्रमा, पारिजात वृक्ष, पाञ्चजन्य शङ्ख, धन्वन्तरी र अमृतको घडा सहितका सामुद्रिक रत्नहरू प्राप्त भए ।

सर्वप्रथम निस्किएको हलाहल विष राक्षसहरू र देवताको अनुरोधमा रूद्रले पान गरे भने कामधेनु गाइ सप्तषिले, लक्ष्मीलाई विष्णुले, घोडालाइ सूर्यले, कल्पवृक्ष र ऐरावत हात्ती इन्द्रले, धनुष कुमारले बांडीचुडी लिए। समुन्द्र मन्थन पछि निस्किएको अमृतघडा राक्षसहरूले जवरदस्ती लैजालान भनेर इन्द्रपुत्र जयन्तले अमृतघडा बोकेर हिमालचुली र बौद्धहिमालको आसपासमा पुगे । राक्षसहरूको गुरू शुक्रले जयन्तले अमृत घडा चोरेर आकास मार्गको बाटो हिमाल तर्फ गएको देखेर राक्षसहरूलाई जयन्तलाई पक्रेर अमृत आफ्नो हातमा पार्न दबाब दिएका थिए ।

गुरूको आदेशलाई शिरोधार्य गर्दै राक्षसगणहरू पनि जयन्तको पिछा गरे । इन्द्रपुत्र जयन्तले राक्षसहरूको आँखा छली उडाएको अमृत घडालाई त्यही बिसाउँदा अलिकता अमृत पोखिन गयो । हिमालचुली बौद्धहिमालको नजिकै राक्षसहरू आइपुगेको देखेर जयन्त त्यहाँबाट पनि जयन्त दोर्दी खोलाको सिरान मेमेपोखरीमा पुगे । अचानक अतिवेगका साथ राक्षसहरू मेमेपोखरीको नजिकै आइपुगे । हतारका साथ अमृतघडा उचाल्दा अमृत छचल्कन पुग्यो । छचल्किएको अमृत मेमेपोखरी पोखिंदा त्यहाँ पनि दूधपोखरी बन्न पुग्यो । त्यहाँबाट पनि जयन्तले अमृतघडा बोकेर अन्नापूर्ण हिमालको धुर्चुको लेकमा पुगे । जयन्त र राक्षसहरू पुग्ने समय एकैचोटी भएकाले राक्षस र देवता बीच अमृतघडाको खोसाखोस भयो। राक्षस र देवताहरूले एकआपसमा अमृतको घडा खोसाखोस गर्दा दिव्य १२ दिन सम्म लगातार युद्ध भइरह्यो। युद्ध भइरहेकै समयमा अचानक भगवान विष्णु मोहिनीरूप धारण गरेर युद्धस्थलामा पुसग दुबै पक्षलाई सम्झाइ बुझाइ प्राप्त अमृत बराबरी बाँडी दिन वचन ब्यक्त गर्नु भयो । देवता राक्षस बीच अमृतघडा खोसाखोस हुँदा धुर्चुको लेकमा अलि बढी नै अमृत पोखिन गएको थियो। धेरै अमृत पोखिएको स्थान हुनाले धुर्चुमा ठूलो दूधपोखरी बन्यो भने अमृत उछिटिएर दामोदर हिमालको वारी पारी अमृत छरिन पुग्दा गोसाइंकुण्डमा रहेका तीनवटा कुण्डहरू मध्ये एउटा कुण्डमा अमृत मिसिन पुगेको हुनाले त्यहाँ पनि सानो दूधपोखरी बन्न पुग्यो । अृमतका केही थोपाहरू दमौली, सारङघाट, घुमौरीघाट, गाइघाट र देवघाटसम्म पनि वर्षिन पुगेका कारण यी स्थानहरू पनि पवित्र भूमि बन्न पुगे ।

गण्डकीका संगम स्थलहरू स्वयंमा तीर्थस्थलहरू हुन् तथापि अमृतका कारण अझ बढी महत्वका स्थलहरू बन्न पुगे । त्यसैले यही पवित्र भूमिमा नै महर्षि वेदव्यासले आफ्नो जन्मभूमि बनाएको पाइन्छ। अन्नापूर्ण तेश्रो माछापुच्छ्रे हिमालको काखबाट दुग्धभा नाम गरेको अमृत रूपी नदी सेतीले अपिहिमालको काखदेखि निस्केको मादीनदीलाई दमौलीमा आफुमा समाहित गर्दै धुमाउनेघाट पुगेको सेतीमादी जलाधारले दामोदर हिमाल, अन्नापूर्ण हिमालको धुर्चुको लेकमा अवस्थित ठूलो

बाँकी तेश्रो पेजमा

## तपाईंको आज

**मेष**
कार्यक्षेत्रमा नयाँ जिम्मेवारी र आत्मविश्वास बढ्नेछ। आर्थिक पक्ष सन्तोषजनक रहनेछ।

**वृष**
अड्किएका काम पूरा हुने संकेत छन्। खर्च बढ्न सक्छ, तर आवश्यक काममै हुनेछ। यात्राबाट लाभ मिल्न सक्छ।

**मिथुन**
अध्ययन, लेखन वा सञ्चार सँग सम्बन्धित कार्यमा सफलता मिल्नेछ। मित्र सहयोगी रहनेछन्।

**कर्कट**
पारिवारिक वातावरण सुखद रहनेछ। आम्दानीका नयाँ स्रोत खुल्न सक्छन्। कार्यक्षेत्रमा सम्मान प्राप्त हुने योग छ।

**सिंह**
नेतृत्व क्षमता प्रकट हुने दिन हो। सामाजिक कार्यमा संलग्नता बढ्नेछ। आत्मसम्मानमा वृद्धि हुनेछ।

**कन्य**
निर्णय लिन हतार नगर्नुहोस्। काममा ढिलासुस्ती हुन सक्छ। धैर्य राखेमा सकारात्मक परिणाम आउनेछ।

**तुला**
साझेदारीका काममा सफलता मिल्नेछ। कलात्मक तथा सिर्जनात्मक क्षेत्रमा प्रगति देखिनेछ।

**वृश्चिक**
आज मेहनतको फल प्राप्त हुने दिन छ। चुनौतीपूर्ण काममा सफलता मिल्नेछ। गोप्य योजनाहरु सफल बन्न सक्छन्।

**धनु**
भाग्यको साथ मिल्नेछ। शिक्षा, परीक्षा वा प्रतिस्पर्धात्मक क्षेत्रमा सफलता मिल्ने संकेत छ। यात्राको योग रहेको छ।

**मकर**
कार्यभार बढ्न सक्छ, तर व्यवस्थापन गर्न सकिनेछ। वरिष्ठको सहयोग प्राप्त हुनेछ।

**कुम्भ**
नयाँ सोच र योजनाले लाभ दिलाउने दिन छ। मित्र तथा सहकर्मीको सहयोग मिल्नेछ। सामाजिक प्रतिष्ठा बढ्नेछ।

**मीन**
धार्मिक वा ध्यानात्मक गतिविधितर्फ रूचि बढ्नेछ। खर्च बढ्न सक्छ, तर मानसिक सन्तुष्टि मिल्नेछ।

# तनहुँको सर्वोच्च शिखर ............

दूधपोखरीबाट निस्केको मर्स्याङ्दी नदीले गौरीशङ्कर हिमालको काखको मेमे नामक दुधपोखरीलाई मुहान बनाउँदै मेरूगिरी पर्वत हुँदै बग्दै आउने दोर्दी खोला र बौद्धहिमाल र मनासलु हिमालको काखमा रहेको दूधपोखरीलाई आफ्नो शिर बनाउँदै बहेको चेपेनदीलाई पनि आफुमा समाहित गर्दै मर्स्याङ्दी नदी स्वयं मुग्लिन पुगेपछि आफै त्रिशुलीमा मिसिंदै अन्ततः सेती त्रिशुली दोभान घुमाउनेघाट र गाइघाटको बीचको समुन्द्र सतहदेखि करिव करिव २१३.४ मिटरको उचाइमा रहेको सुमेरू–दोभान पवित्र भूमि बन्न पुगेको हो। उही पवित्र भूमिमा अहिल्या, तारा, द्रौपदी, कुन्ती र मन्दोदरी यहाँ आइ तपस्या गरेर यही बसेका हुन् ।

अन्ततः सेती र त्रिशुली नदीको मिलन पछि त्रिशुली र सेतीनदीलाई भागिरथी र काली गण्डकीसंगको मिलन पछि सोही नदीलाई नारायणी भनेर चिनिन्छ। दामोदर कुण्डबाट बग्दै आउने काली गण्डकीको अमृतरूपि जल त्रिशुली नदीसंग देवघाटमा मिसिन पुग्दा देवघाट देवताहरूको पनि स्नान गर्ने स्थलको रूपमा महापवित्र भूमि बन्न पुगेको हो । योगि नरहरिनाथ रचित देवभूमि भारत एवं आध्यात्मिक नेपालमा उहाँले त्रिशुली सेतीनदीको संगम घुमाउने घाट र कामधेनु गाइको विषयमा यसरी व्यक्त गर्नु भएको पाइन्छ ।

*तस्य शैलस्य शिखरत क्षीधार नरेश्वर। विश्वरूपा परिमिता भीमनिहादनीः स्वना॥*

*हे! राजन त्यस पर्वतको शिखरबाट ठूलोआवाज निकाल्दै दूध जस्तो सेतो जलधाराले सबैतिर ढाकी प्रलय व्याप्त भइ ठूलो ध्वनी उत्पन्न गरेको थियो ।*

*पूण्या पूण्येतामेजुष्टाँ गंगा भागिरथी शुभा। पालवन्तीय प्रवेगेन ह्वदे चन्द्रमसःशुभे॥*

अन्नापूर्ण, मनासलु र बौद्ध हिमालदेखि अमृतरूपि दुग्धसागरबाट ठूलो बेगका साथ यस धरतीमा प्रवाहित भएर बहेका शुक्ला, मर्स्याङ्दी र त्रिशुली नदीहरूको दोभान घुमाउने घाटमा एकआपसमा मिलन भएपछि पवित्र र पूण्य प्रदान गर्ने प्रीय जलाधारलाई भागिरथी नदी भनेर संवोधन गरिन्छ।

*त्रिशुली (शुक्लयो सङ्गे तुङ्गे श्रृंगे गिरेरिह।*

*कामधेनु गुहा रम्या नन्दिन्याऽधिष्ठिता पुरा ॥४१*

त्रिशुली गण्डकी र शुक्ला गण्डकीको संगम स्थलमा अवस्थित सुमेरू पर्वतको अग्लो चुचुरो वरपरमा प्रचीन सुन्दर कामधेनु गुफा रहेको छ जहा कामधेनुको छोरी नन्दिनी बसेकी थिइन ।

*दिलीपो यत्र राजर्षि नन्दिनी–रक्षणेत्सुकः। कुम्भोदरपुरश्चक्रे स्वदेहं सदयःस्वतः। ४२॥*

कामधेनु गुफामा जलधडाले नन्दिनीको विमोचन गर्नका लागि अयोध्या नरेश राजर्षि दिलिप महाराज स्वयंले नन्दिनीको सेवामा आफ्नो शरिरै अर्पण गरेका थिए। कामधेनु गाइ, घुमाउने घाट र गाइघाटको प्रसङ्ग

पौराणिक कथा अनुसार स्वर्गमा बस्ने इच्छाअनुसारको फल दिनेलाई कामधेनु गाइ भनिन्छ जस्लाई सुरभी नामले पनि पुकारिन्छ । हिन्दुधर्मका पुराण अनुसार कामधेनु गाईको उत्पति समुन्द्र मन्थनबाट भएको मानिन्छ। पौराणिक ग्रन्थहरू अनुसार एक पटक स्वर्गका देवता र राक्षसहरू मिलेर घुमाउने घाटको आडैमा रहेको सुमेरूपर्वतको मदनी र वासुकी नागको नेतीका माध्यमले क्षीरसमुन्द्र (दुग्धसागर)को मन्थन गर्दा सर्वप्रथम हलाहल विष, कामधेनु गाई उच्चैश्रवा घोडा, ऐरावत हात्ति, कौस्तुभमणि, कल्पवृक्ष, रम्भा, अप्सरा, देवी लक्ष्मी, वारूणी (मदिरा) चन्द्रमा, पारिजात वृक्ष, पाञ्चजन्य शंख, धन्वन्तरी र अमृत लगायतका सामुन्द्रिक रत्नहरू प्राप्त भएका हुन् । प्राप्त रत्नहरू पृथ्वी समेत दग्ध हुने हलाहल विष उत्पति हुन पुग्यो । समुन्द्र मन्थनका समयममा निस्किएको हलाहल विष जब भगवान शङ्करले पिउनु भयो तत् पश्चात देवता दानव सबैमा खुसीको खुसीको उन्माद र रौनकता थपियो । उनीहरू प्रशन्न भइ पुनः नयाँ उत्साहका साथ समुन्द्र मन्थनमा तल्लिन रहे। समुन्द्र मन्थनको दोश्रो कोसेली स्वरूप कामधेनु गाई प्रकट भएको विषयमा भागवतको श्लोक भन्दछ ।

*पीते परे वृषाङ्केण प्रीतास्तेऽमदानवा। मन्मथुस्तरसा सिंधुहवि धोनी ततोऽभवत ॥८॥१॥*

समुन्द्र मन्थनबाट प्राप्त भएको दोश्रो कोशेली कामधेनु गाई महर्षि वशिष्ठलाई सुम्पिएको थियो। महर्षि बशिष्ठको आश्राम पवित्र देवघाट धाममा भएकाले पनि देवघाट देखि छिम्केश्वरी पर्वतमालाको पेरीफेरी सम्मको विशाल भूभाग कामधेनु गाईको चरिचरन क्षेत्र पर्दथ्यो । समग्रमा कामधेनुगाइको पूजा गर्नाले मानव जातिको मनमा पलाएका नकरात्मक दोषहरू नष्ट भई आर्थिक सुख–समृद्धि, आत्मिक पवित्रता र आमाहरूको पालन पोषण गर्ने कला र व्यक्त प्रेमाभावलाई जनाउँने गर्दछ। समुन्द्र मन्थनको समयमा कामधेनुगाईको उत्पति हुँदाके अवस्थामा गाईका पछाडिको अङ्ग पुच्छर मयुरको प्वाँख र मध्यभागको शरीर निक्खर सेतो रङ्गमा पशुजन्य गाईको शरिर र अग्रभागको अङ्ग भने मानव आकृतिमा महिलाको शिर देखिएको थियो । क्षीरसागरबाट कामधेनुगाई धर्तीमा आउँदा विविध रत्नमालाहरूले सुसज्जित र जडित मुकुटमाला लगाइएको कथा प्रसङ्ग पुराणहरूमा वर्णित गरेको पाइन्छ।

कामधेनु गाईलाई समृद्धि, शुद्धता र आध्यात्मिक दिव्य स्वरूपको प्रतिनिधि मान्ने गरिएको छ। अनुग्रहको अर्को एककथा अनुसार कामधेनु गाई दक्षाप्रजापतिको डकारबाट उत्पति भएको प्रसङ्ग पनि पाइन्छ । पौराणिक कथा अनुसार सुनन्दा, सुरभी, सुमना, सुशिला र नन्दा समेत पाँचथरीका कामधेनु गाइहरू हुने धार्मिक विश्वास रहेको छ । वास्तवमा कामधेनु शब्द संस्कृतका दुइवटा शब्दहरूको संयोजनबाट बनेको शब्द हो । काम शब्दले इच्छा र धेनु शब्दले गाइ भन्ने बुझाउँछ । कामधेनु जो जससंग रहन्छ उस्ले आफ्नो सबै मनोङ्काँक्षाहरू पुरा गर्न सकेको वर्णन पुराणहरूमा भेटिन्छन् । मानिस, राक्षस तथा देवताहरूको हर मनोकामना पूर्ती गर्ने कामधेनु गाईका शरीरमा तेत्तिसकोटी देवीदेवताहरूको बासस्थान रहने विश्वास रहेको छ । समुन्द्र मन्थन गर्दा प्राप्त भएका अनेकौ रत्नहरू मध्ये कामधेनु गाइहरू वशिष्ठ, जमदग्नी लगायतका सप्त ऋषिहरूलाई प्रदान गरिएको थियो। कामधेनुलाई पृथ्वीमाताको अवतार पनि मान्ने गरिन्छ । कामधेनु गाईको पति कश्यप र छोरीको नाम नन्दिनी हो । एकपटक वशिष्ठको आश्रममा रहेको कामधेनु गाइ चर्दै चर्दै सेती त्रिशुली दोभान नजिकको सुमेरू पर्वतमा आइपुगिन् । छोरी नन्दिनीलाई कामधेनु गाइले सेती र त्रिशुलीको दोभानमा अवस्थित मन्दराचल नामक सुमेरू पर्वतको उच्च शिखर छिम्कालेखका पर्वत श्रङ्खलामा अवस्थित गुफामा राखेर आफु भने छिम्काकोलेखमा गइन ।

छिम्काकोलेखमा विराजमान भएकी बूढीभगवती रक्तबलि खाने बहिनीहरूको अनुहार हेर्न नसकेर २१३४ मिटर अग्लो छिम्केश्वरीका पर्वतको उच्च चुचुरोमा छाना बिनाको थानमा घोप्टो परेर आफूलाई बहिनीहरू भन्दा फरक स्वरूपमा प्रस्तुत गरेकी थिइन । हरेक दिन बूढीभगवतीको सेवा सुश्रुसामा टहलिनु र भगवतीको शिरमा दूधधारा अर्पण गर्नु उनै कामधेनुगाईको नित्य कामकर्तव्य भित्र पर्ने गर्दथ्यो । कुनै एकदिन अचानक हिमालमा हिमपातका साथ पहिरो जाँदा गण्डकी प्रसवण क्षेत्रका सेती, मादी, मर्स्याङ्दी, दोर्दी, चेपे, बूढीगण्डकी र त्रिशुली नदीहरूमा ठूलो जलप्रवाह हुन संभावना देखियो। अन्ततः सुमेरूपर्वत नै बगाउने गरी सबै गण्डकीहरूमा भयंकर बाढी आउनाले जलप्रलयको डर भयो । सुमेरूपर्वतको आसपासमै गण्डकीका सातै जलधाराहरू पानीमा घुमौरी पर्दै गयो । नदीमा पर्न गएको घुमौरीले सुमेरू पर्वत नै बगाउने लक्षण देखियो । सेती र त्रिशुलीको पानी तल तल नबगी सुमेरू पर्वतलाइ नै घुमी घुमी बगेकाले यस स्थानलाई घुमाउनेघाट भनेर संवोधन गर्न थालियो ।

त्यही बेला गण्डकीमा भुमरी पर्दै सुमेरूपर्वत नै बगाउन लाग्दा गुफामा बसेकी कामधेनु गाईको छोरी नन्दिनीले छिम्केश्वरी पर्वतको शिखरमा पुगेकी आफ्नी आमाले पनि आफ्नो आवाज सुनुन भसन ठूलो स्वरमा आमा (हाँम्बा भनेर पुकारिन । कामधेनु गाइको छोरी नन्दिनीको सुमेरू पर्वतमा छिन भन्ने गण्डकीले महसुस गरेर गोसंरक्षण गर्नकै लागि त्रिशुली नदीले पूर्वतर्फ र सेतीमादी नदीले पश्चिमतर्फ आफ्नो मार्ग परिवर्तन गरी देवघाट तर्फ आफ्नो मार्ग अबलम्वन गरेको हुनाले यस स्थानलाई गाइघाट पनि भन्ने गरिएको किंवदन्ती सुन्नमा पाइन्छ। योगि नरहरिनाथले आफ्नो देवभूमि भारत एवं आध्यात्मिक नेपालको पहिलो भागको पुस्तकको गोघट्ट (गाइघाट) शिर्षकमा यस्तो कुरा प्रकाश पार्नु भएको छ ।

गोघट्टमत्र विख्यातं गोबृद्धिवरदं शिवम् । कालिका गण्डकी कुले कदली (वनमञ्जुले ॥४२॥

गो वंश बृद्धिका वरदानको हेतु मानिसहरू यहाँ आउने गर्दछन् । यही गाइघाटको पश्चिम दिशामा कालीगण्डकीको उभयकुलमा वनकदलीका मञ्जुल पाइने गर्दछ।

*स्थले स्थले गुहा भ्रान्ति सिद्धर्षि–मुनि सेविताः। रम्यं रामपुरं यत्र सीता (राम तपोवनं ॥४३॥*

गाइघाटको पश्चिमको स्थानमा सिद्धर्षि मुनीहरूको तपस्या गर्ने प्रसस्त गुफाहरू रहेका छन् । काली गण्डकीको पश्चिम तटमा राम सीताको तपोवन रामपुर लगायतका विभिन्न तीर्थस्थलहरू रहेका छन् ।

**अन्त्यमा,**

छिम्केश्वरी बाहुन क्षत्री भन्दा पनि गुरूङ, मगर, तमाङ, चेपाङ, भूजेल लगायत विभिन्न जातिको रहन सहन सास्कृतिक सम्पदा एवं जीवन शैलीको अनुपम थलो हो। २१३ मिटरदेखि २१३४ मिटर उचाइसम्मको विधि प्राकृत्ति भूवनोटलाई कैद गर्दै छिम्केश्वरी पर्वतको सुन्दरतालाई ध्यान दिने हो भने दक्षिण तर्फको पाटोको घुमाउनेघाटदेखि छिम्केश्री चुचुरा र आँबुखैरेनीदेखि लाब्दीसम्म मोटर मार्ग र लाब्दीदेखि छिम्केश्वरी थुमसम्मकोमनोरम दृष्य अवलोकनका लागि मिनिट्रेन (Scenic railway प्राकृतिक दृश्य अवलोकन गर्नका लागि ट्रेन भैं लिगमा हिंड्ने सानो रेलको आकारको सवारी साधन ट्राम, Scenic skyway Scenic cableway, scenic walway जस्ता रोमाञ्चकारी यात्रा जन्य सवारी साधन व्यवस्थापन गर्न सकिएमा नेपालको यातायात क्षेत्रमा एउटा आयाम थपिने जाने देखिन्छ । जस्का कारण पनि छिम्केश्वरी आउने पर्यटकहरूको बृद्धि हुन गई एउटा नयाँ अभियानले मूर्त रूप पाउन सक्दथ्यो । सत्रसयबरादी देखि हिलेखर्क सम्मको मोटरमार्ग र बन्दिपुरबाट हिलेखर्कसम्म जाने मोटरमार्गको स्तरोन्नति भएमा छिम्केश्वरी पर्वतमालामा आन्तरिक तथा बाह्य पर्यटकहरूको अभिबृद्धि हुने कुरामा दुइमत नहोला । आँबुखैरेनी गाउँपालिकाको वडा नं ५ स्थित घुमाउनेघाट, पक्की मोटरेबल पुल बनेमा यस क्षेत्रले अझ नयाँ फड्को मार्ने निश्चित नै छ ।

छिम्केश्वरी पञ्चकन्यको सर्किट जोड्नलाई अभियान चलाएमा समग्र आँबु गाउँ पालिकाका जनताहरूको आर्थिक जीवनस्तरअझ सक्षम र सुदृड बन्ने विश्वास गर्न सकिन्छ। अहिलेको परिवेशमा दमौली देखि घुमाउने घाटसम्म निर्माण हुँदै गइरहेको बुद्धसिंह राजमार्गको निर्माण कार्य धिमा गतीमा जानुले तनहुँको कछारभेग कहिले सम्म टुहुरो बन्ने हो सोचनीय विषय बन्न पुगेको छ । अर्कोतर्फ नारायणघाट देखि घुमाउनेघाट हुँदै तनहुँको दमौली, कास्की लमजुङ, स्याङ्जा पर्वत बाग्लुङ, म्याग्दी, रोल्पा, रूकुमसम्म जोड्ने मार्गको २६ किलोमिटर दुरी कम हुन जाँदा जनताले प्रत्यक्ष लाभ लिन पाउने कुरामा सबैको मतैक्य हुन्छ भन्ने वष्यमा हामी पूर्णत विश्वस्त रहेका छौं । अहिलेको परिवेशमा चितवन नारायणघाट जाने राजमार्गलाई जोड्ने मूलबिन्दु भनेकै घुमाउनेघाटमा विगत १० वर्ष देखि अलपत्र परेर त्रिशुली नदीमा नबनेको मोटरेबलपुल र बुद्धसिंह मार्ग नै प्रमुख विषय भएकोले यो राजमार्ग निर्माण कार्य सम्पन्न गर्न र यहाँको पर्यटन अभिबृद्धि गर्न पञ्चकन्या मन्दिरको जिर्णोद्धार गर्नलाई स्थानीयदेखि केन्द्र सरकारसम्म सबैको ध्यान पुगोस हाम्रो पनि यही सदिक्षा रहेको छ।

www.bhanjyangnews.com
Email- bhanjyangdml@gmail.com

# गाँजाखेतीसम्बन्धी विधेयकमाथि ...

सभापति अर्यालले भन्नुभयो ।

लामो समयदेखि बहसमा रहेको गाँजाखेतीलाई वैधता दिन प्रदेश सरकारले कानुन निर्माणको प्रक्रिया अगाडि बढाएको हो । यसअघि प्रदेश सरकारले आफ्नो वार्षिक नीति तथा कार्यक्रममार्फत उक्त घोषणा गरेको थियो । सेवनका लागि नभई गाँजाको औद्योगिक र औषधिजन्य उत्पादनलाई मात्र वैधता दिने गरी प्रदेश सरकारले कानुन ल्याउन लागेको हो ।

विधेयकमा गाँजाखेती र व्यवसायका लागि कडा प्रावधान राखिएको छ । प्रदेश सरकारले गाँजाखेती सम्बन्धी नौ प्रकारका इजाजत दिने गरी विधेयकमा व्यवस्था गरिएको छ । प्रतिव्यक्ति निवेदन दस्तुरको रू पाँच हजारदेखि खरिद बिक्रीसँगै आयात निर्यातका लागि रू एक करोड ५० लाखसम्म तिरेर अनुमति लिनुपर्ने पाउने व्यवस्था गरिएको छ । गाँजाखेतीका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयकाबाट अनुमति लिनुपर्ने र सोको अन्तिम निर्णय गर्ने अधिकार मुख्मन्त्रीमा रहने गरी विधेयमा उल्लेख छ ।

अनुमतिविना गाँजाखेती, ओसारपसार र बिक्री वितरणमा पूर्ण प्रतिबन्ध लगाइएको छ । गाँजाजन्य पदार्थको विज्ञापन गर्न नपाइने तर रेशाबाट बनेका कपडा, तेल, महल जस्ता औद्योगिक उत्पादनको भने विज्ञापन गर्न पाइने व्यवस्था गरिएको छ । गाँजाखेती व्यवस्थापन र नियमनका लागि शक्तिशाली 'गाँजा नियमन बोर्ड' गठनको प्रस्ताव गरिएको छ । लागुऔषधीसम्बन्धी सङ्घीय ऐन र अन्य प्रचलित कानुनसँग नबाझिने गरी कानुन बनाउनुपर्ने अवस्था भने विद्यमान छ । रासस

नसर्ने रोगहरूको पहिचानका लागि अभियान २०८२

मधुमेहले मुटु रोग, मस्तिष्कघात, अन्धोपन, मिर्गौलाले काम नगर्ने लगायत अन्य गम्भीर जटिलताहरूलाई निम्त्याउनुको साथै ज्यान समेत लिन सक्छ।

स्वस्थ जीवनशैली अपनाएर टाइप २ मधुमेह रोकथाम गर्न सकिन्छ।

स्वस्थ शारीरिक तौल कायम गरौं
चिनी, नून र चिल्लो कम भएको स्वस्थ खाना तथा प्रशस्त तरकारी र फलफूल खाऔं
शारीरिक रूपमा सक्रिय रहौं

आफूलाई पायक पर्ने स्वास्थ्य संस्थामा गई मधुमेह जाँच, रक्तचाप (ब्लडप्रेसर) मापन, मिर्गौला सम्बन्धी रोगको जाँच र BMI मापन गरौं।

समयमै नसर्ने रोगको जाँच गराऔं, स्वस्थ र दीर्घ जीवन बाँचौं।

गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रदेश जनस्वास्थ्य कार्यालय
दमौली, तनहुँ, नेपाल

मिर्लुङ पोलिक्लिनिक प्रा.लि.
व्यास नगरपालिका-२, दमौली तनहुँ
फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८
हाम्रा उपलब्ध सेवाहरू :
१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्, स्टेचिङ् आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा



जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९
२०८२ चैत्र ०८, आइतबार
March 22, 2026



**रम्सी होमस्टेमा पाहुनको स्वागत :** तनहुँको व्यास नगरपालिकाको सबैभन्दा कान्छो रूम्सी सामुदायिक होमस्टेमा पुगेको व्यास नगरपालिकाका प्रमुख बैकुण्ठ न्यौपाने सहितको टोलीलाई स्वागत गर्दै होमस्टे सञ्चालकहरू । *तस्विर : भञ्ज्याङ*

# पोखरेली कवि तथा साहित्यकार भिमादका पर्यटकीय गन्तव्यमा

भञ्ज्याङ समाचारदाता/गण्डकी

पोखरालाई मुख्य कार्यथलो बनाउनुभएका कवि तथा साहित्यकारहरूले शनिकार तनहुँको भिमाद नगरपालिकाका पर्यटकीय गन्तव्यको स्थलगत अवलोकन भ्रमण गरेका छन् । सिर्जनशील लोकतान्त्रिक प्रतिष्ठान, पोखरा एवम् भिमाद नगरपालिकाद्वारा संयुक्त रूपमा आयोजित 'भिमाद क्षेत्रमा ऐतिहासिक तथा पर्यटकीय स्थलको अवलोकन तथा साहित्यिक कार्यक्रम'का क्रममा उनीहरूले यहाँका पर्यटकीय गन्तव्यको स्थलगत अवलोकनसँगै पर्यटकीय महत्व र सम्भावनाबारे जानकारी लिएका हुन् ।

उक्त क्रममा उनीहलाई प्राकृतिक एवं ऐतिहासिक महत्वको भिमाद नगरपालिका ९ स्थित सिद्ध गुफा, चमेरे गुफासँगै भिमबाँध, तीन सय वर्षभन्दा पुरानो शिवालय मन्दिर, ढोर मिनमखानीको फलाम खानीबाट निकालेर बनाइएको भोलुङ्गे पुलआदिबारे भिमाद नगरपालिकाका प्रमुख दधिराज सुवेदीले जानकारी गराउनुभयो ।

भिमाद क्षेत्रमा महत्वपूर्ण प्राकृतिक एवं ऐतिहासिक महत्वकास्थल रहेको बताउँदै उहाँले नगरपालिकाले यी गन्तव्यको पर्यटकीय उपयोगलाई जोड दिएको उल्लेख गर्नुभयो । अवलोकनकै क्रममा सिद्ध गुफा क्षेत्रमा आयोजित साहित्यिक कार्यक्रममा कवि तथा साहित्यकारहरु सेतीकाली साहित्य सङ्गमका अध्यक्ष नारायण कैलाश सिग्देल, कृष्ण भण्डारी मुमुक्षु, बसन्त चालिसे, चन्द्रावती वाग्ले, बेदहरि तिमल्सिना, कमल पौडेल (अथक), सिर्जना सापकोटा, शान्ति कँडेल, पुण्यप्रसाद भट्टराई, दिनानाथ पराजुली, नवराज न्यौपाने, गायत्री पराजुली, भिमबहादुर ज्यालादारी, डा विष्णुप्रसाद शर्मा, डा कृष्ण भण्डारी, डा भूमिराज बस्ताकोटी, विश्वबन्धु भण्डारीलगायतले विभिन्न विधाका रचना वाचन गर्नुभएको थियो ।

कार्यक्रममा सिर्जनशील लोकतान्त्रिक प्रतिष्ठानका अध्यक्ष सुरज पौडेलले प्रतिष्ठानले हरेक महिना विभिन्न पर्यटकीय गन्तव्यमा पुगी साहित्यिक कार्यक्रमसँगै अनुसन्धानात्मक कार्यक्रम सञ्चालन गर्दै आएको उल्लेख गर्नुभयो । प्रतिष्ठानका सदस्य एवम् कार्यक्रम संयोजक अम्बिकाप्रसाद भट्टराईले यस कार्यक्रमले भिमाद क्षेत्रका पर्यटकीय गन्तव्यको प्रवर्द्धनमा टेवा पुग्ने विश्वास लिइएको बताउनुभयो। प्रतिष्ठाने साहित्यक पर्यटनको विकासलाई उच्च प्राथमिकतामा राख्दै आएको उहाँको भनाइ छ ।

# दोब्बर गतिमा हिउँ ......

तीव्र बनाउँछ । यस क्षेत्रका तीन–चौथाइ हिमनदी यही जोखिमपूर्ण आकारमा रहेकाले खतरा झन बढी छ ।"

एचकेएच हिमनदी परिदृश्य प्रतिवेदनले ३८ वटा अनुगमन गरिएका हिमनदीहरुको तथ्याङ्कलाई संकलन गरेको छ। जसले सन् २००० पछि हिउँको व्यापक ह्रास भएको देखाएको छ। यसले हिमाली हिउँमण्डलका केही भागहरु अपरिवर्तनीय विनाशतर्फको 'टिपिङ पोइन्ट' (निर्णायक मोड) नजिक पुगेको सङ्केत गर्छ । यद्यपि प्रतिवेदनले तथ्याङ्कमा रहेको एउटा ठूलो खाडललाई औंल्याएको छ। ती ३८ मध्ये केवल सात वटाले मात्र विश्व हिमनदी अनुगमन सेवा (डब्लुजिएमएस)को विश्वव्यापी बेन्चमार्क मापदण्ड पूरा गरेका छन् । काराकोरम, सिक्किम, जान्स्कर र भुटानजस्ता प्रमुख हिमनदी क्षेत्रहरु अझै पनि अनुगमनको दायराभन्दा बाहिर छन्।

"हामी एक अधुरो नक्साको सहयोगमा तीव्र रूपमा परिवर्तन भइरहेको भविष्यतर्फ अघि बढ्न खोज्दैछौं, "इसिमोडका हिउँमण्डल विशेषज्ञ तथा प्रतिवेदनका लेखकमध्येका एक मोहम्मद फारूक आजमले भन्नुभयो, "हिमालयको ठूलो हिस्सा अझै पनि अनुगमनको पहुँच बाहिर छ । अनुगमन संयन्त्र विस्तार र पद्धतिमा एकरूपता नल्याई जलप्रवाह र हिउँमण्डलमा आएको तीव्र परिवर्तन पत्ता लगाउन कठिन हुन्छ । नेपालका 'मेरा' र 'रिखा साम्बा' तथा भारतको छोटा सिग्रीजस्ता प्रतिनिधिमूलक हिमनदीको निरन्तर अनुगमन महत्त्वपूर्ण छ, तिनीहरु सम्पूर्ण पर्वतीय प्रणालीका लागि हाम्रा 'प्रारम्भिक चेतावनी' सूचक हुन् ।"

**सबैभन्दा ठूलो क्षति सिन्धु, गङ्गा र ब्रह्मपुत्र बेसिनमा**

प्रतिवेदनले हिमनदीको क्षति भौगोलिक रूपमा फरक फरक रहेको देखाएको छ । पूर्वी 'हेङ्दुआन शान' पर्वतमालामा सबैभन्दा उच्च प्रतिशत ह्रास देखिएको छ, जहाँ केही क्षेत्रले केवल तीन दशकमा ३३ प्रतिशतसम्म हिमनदी क्षेत्र गुमाएका छन् । तर सबैभन्दा ठूलो क्षति सिन्धु, गङ्गा र ब्रह्मपुत्र बेसिनहरूमा केन्द्रित छ, जहाँ यस क्षेत्रका ७४ प्रतिशतभन्दा बढी हिमनदी अवस्थित छन् ।

दश वर्ग किलोमिटरभन्दा ठूला हिमनदीले यस क्षेत्रको प्राकृतिक जल भण्डारको करिब ४० प्रतिशत हिस्सा ओगटेका छन् । पच्चिस ठूला हिमनदीमध्ये १८ वटा रहेको काराकोरम पर्वतशङ्खला दीर्घकालीन जल, खाद्य र विपद् जोखिमका हिसाबले उच्च जोखिममा छ, जसको प्रभाव समग्र क्षेत्रमा पर्नेछ ।

सन् २०२५ लाई 'हिमनदी संरक्षणको अन्तर्राष्ट्रिय वर्ष' र सन् २०२५–२०३४ लाई 'हिउँमण्डल विज्ञानका लागि कार्य दशक' घोषणा गरिएको सन्दर्भमा, यी निष्कर्षहरूले कार्यको तत्काल आवश्यकतालाई गम्भिर रूपमा स्मरण गराएका छन्। प्रतिवेदनका लेखकहरूले हिमनदी अनुगमनको दायरा बढाउन, पद्धतिहरूको सुदृढीकरण गर्न र द्रुत रूपमा परिवर्तन भइरहेको हिउँमण्डलको प्रभाव न्यूनीकरणका लागि जलवायु–उत्थानशील अनुकूलन योजनामा ठूलो लगानी गर्न आह्वान गरेका छन् ।

हिन्दुकुश हिमालय (एचकेएच) क्षेत्र एसियाभरि तीन हजार ५०० किलोमिटरमा फैलिएको छ । जसले अफगानिस्तान, बङ्गलादेश, भुटान, चीन, भारत, म्यानमार, नेपाल र पाकिस्तानलाई समेट्छ। उच्च हिमाली शृंखला, मध्यपहाडी क्षेत्र र समथर भूभाग समेटिएको यो क्षेत्र झण्डै दुई अर्ब मानिसहरूको खाद्य, जल र ऊर्जा सुरक्षाका लागि महत्वपूर्ण छ । यो अनगिन्ती अतुलनीय प्रजातिहरूको वासस्थान पनि हो। यो क्षेत्र अत्यन्तै संवेदनशील छ । जलवायु परिवर्तन, प्रदूषण, र जैविक विविधताको विनाशजस्ता 'त्रिपक्षीय ग्रह संकट'को प्रभावबाट उच्च जोखिममा छ । रासस

## पिनासका लक्षणहरू :

- नाक बन्द हुन, नाकबाट श्वास फेर्न गाह्रो हुनु र टाउँको दुख्नु,
- आँखाको अगाडी र तलको भाग दुख्नु,
- नाकको छेउछाउ र अनुहार छोएपछि दुख्नु,
- विहानको समयमा टाउँको बढी दुख्नु,
- सुघ्ने शक्ति कमजोर हुनु,
- नाकबाट बाक्लो, पहेलो सिंगान बग्नु,
- धकान महसुस हुनु, टाउको भारी र शरीर आलस्य हुनु आदी ।

**लक्षण देखिएमा नजिकको स्वास्थ्य चौकिमा जाँच गराऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

facebook twitter



**Baburam Bhattarai**
x.com/brb1954

नेपालको लोकतान्त्रिक परिवर्तनमा महत्वपूर्ण भूमिका निर्वाह गरेका कम्युनिष्ट पार्टीका नेता कमरेडहरूले हालैको आमनिर्वाचनको परिणाम पछि गम्भीर आत्मसमीक्षा गर्नुसट्टा उल्टै पार्टीको पक्षमा मतदान नगर्ने लाखौं नेता-कार्यकर्ता-समर्थकहरूलाई छानीछानी 'कार्वाही गर्छु' भन्नु विडम्बनापूर्ण छ! मार्क्सदेखि माओसम्मले संश्लेषण गरेको र संसारभरका कम्युनिष्टहरूले अनुसरण गर्ने दर्शन भौतिकवादी द्वन्दवादको आधारभूत नियम अनुसार कुनै वस्तु वा घटनाभित्रको अन्तरविरोध वा समस्याको प्रधान कारण आफैभित्र हुन्छ र बाह्य पक्षले सहायक भूमिका खेल्छ भन्ने हैन र?

पहिलेको कुरा छोडेर गत एक दशकको मात्र नेपाली कम्युनिष्टहरूको ओरालो यात्राको हिसाब गर्दा २०७४ सालमा झण्डै दुइ तिहाइ रहेको जनमत २०८२ मा करिब २२ प्रतिशतमा झर्नु सबै बाह्य कारणले (वैदेशिक षड्यन्त्रले?) मात्र होला त? अनि त्यो दोषको मुख्य जिम्मा मूल नेतृत्वले नलिएर सहायक नेतृत्व वा कार्यकर्ताले मात्र लिनुपर्ला त? चोर औंला अरूमाथि ठड्याउँदा बाँकी औंलाहरु आफैतिर फर्कन्छन् भन्ने पनि हेक्का राख्ने कि?

बरु पछिल्लो निर्वाचन परिणामसम्म आइपुग्दा समग्र कम्युनिष्ट आन्दोलनलाई नै वदलिएको विश्व र राष्ट्रिय परिस्थिति अनुरूप नयाँ विचार/नीति/कार्यक्रम/ संगठन/नेतृत्व सहित नयाँ ढंगले रूपान्तरण गर्ने दिशामा सोच्नुपर्ने हैन र? नत्र रूस र पूर्वी यूरोपदेखि पश्चिम बंगालसम्म जे भयो यहाँ हुन्न भन्ने के ग्यरेन्टी छ र?

# सिप्लीकान संरक्षण गरी आम्दानी गर्दै कृषिउद्यमी खनाल

रासस/गण्डकी

तनहुँको शुक्लागण्डकी नगरपालिका–२ स्थित एक्ले खेतमा रहेको ॐ कृषि फार्मका सञ्चालक कविराज खनाललाई यतिखेर माग अनुसारको सिप्लीकानका बिरूवा पुर्‍याउनै धौधौ छ । विगत छ वर्षयता सिप्लीकानको व्यावसायिक खेतीसँगै नर्सरी गरी बिरूवा बेच्दै आएका खनालले यसवर्ष ५० हजार सिप्लीकानका बिरूवा तयार गर्ने लक्ष्य राख्नुभएको छ, तर बढ्दो मागका कारण बिरूवा पुर्‍याउन नसकिने अवस्था आएको छ । पछिल्ला दिनमा विभिन्न कृषि समूहका साथै व्यक्तिगत रूपमा बिरूवाका लागि अत्याधिक माग आइरहेको खनालले बताउनुभयो। अघिल्लो वर्ष मात्रै करिब छ लाख बराबरका करिब आठ हजार बिरूवा तयार सिप्लीकानका बिरूवा बिक्री गरेको उहाँले जानकारी दिनुभयो।

विशेषतः पहाडी क्षेत्रमा पाइने बहुऔषधीय गुणयुक्त यो वनस्पति देशका अधिकांश स्थानबाट हराउँदै गएको छ । सिप्लीकानको महत्त्वलाई पछिल्ला पुस्तामासमेत पुर्‍याउने लक्ष्यसँगै आँफूले यसको व्यावसायिक खेती गरी बर्सेनि आम्दानी गरिरहेको खनालको भनाइ छ। "परापूर्वकालदेखि नै च्यवन, गर्गजस्ता ऋषिमुनिहरूले यस वनस्पतिलाई शरीरको शुद्धीकरणसँगै ध्यानमा स्थिरता र दीर्घायु प्राप्तिका लागि उपयोग गर्ने गरेको विभिन्न ग्रन्थमा उल्लेख गरिएको पाइन्छ", उहाँले भन्नुभयो, "लोपोन्मुख अवस्थामा पुगेको यो औषधीय वनस्पतिको संरक्षणसँगै पुस्तौंसम्म यसको उपयोग होस् भन्ने सोचका साथ मैले व्यावसायिक खेती थालेको हुँ ।"

कास्कीको रूपा, मादी, माछापुछ्रे, अन्नपूर्ण गाउँपालिका र तनहुँको शुक्लागण्डकी, भीमाद, बन्दीपुर, देवघाट आसपासका क्षेत्रहरु सिप्लिकान खेतीका लागि उपयुक्त रहेको बताउँदै खनालले लोपोन्मुख अवस्थामा रहेको नस्पतिलाई संरक्षण गर्दै जनजनमा प्रयोग बढाउने उद्देश्यसहित कधाम गरिरहेको बताउनुभयो । "कोभिड–१९ महामारीपछि विगत छ वर्षयता आफू यस खेतीमा लागेको थिए । यहाँ उत्पादित बिरूवा कास्कीको रूपा गाउँपालिकासहित देशका विभिन्न स्थानमा पुगिसकेका छन् । यस वर्ष मागअनुसार पुर्‍याउने लक्ष्यसँगै ५० हजार बिरूवा तयार गर्ने गरी काम भइरहेको छ", उहाँले योजना सुनाउनुभयो ।

खनालले व्यापार मात्र होइन, छरछिमेक, इष्टमित्रलगायत कतिपय स्थानमा निःशुल्क बिरूवा प्रदान गर्दै आउनुभएको छ। उहाँले प्रतिबिरूवा रू एक सयदेखि १५० सम्म बिक्री गरिराख्नुभएको छ। पर्यावरणीय सन्तुलनका लागि पनि यसको महत्त्व रहेकाले सबैले यसको संरक्षण गरी लाभ लिनुपर्ने उहाँको भनाइ छ । उच्च रक्तचाप, सुगर, जन्डिस र मिर्गौलामा हुने पत्थरीलगायतका रोगका लागि औषधिका रूपमा सिप्लिकानको प्रयोग गर्ने गरिन्छ । यसलाई तत्कालका लागि तरकारी र अचार तथा लामो समयका लागि गुन्द्रुक बनाएर पनि खान सकिन्छ। "एक पटक लगाएको सिप्लीकानको बिरूवाबाट चार पुस्तासम्म उत्पादन लिन सकिन्छ", खनालले भन्नुभयो, "यसमा बाँदरले पनि क्षति नपुर्‍याउँदैन। वर्षाको समयमा लगाइने लहरे तरकारीका लागि यसलाई थाँक्रोका रूपमासमेत उपयोग गर्न सकिन्छ ।"

खनालले आफ्नो फार्ममा सिप्लिकानसँगै कुरिलोखेती पनि गर्दै आउनुभएको छ । यहाँको उत्पादन शुक्लागण्डकी नगरपालिका–१ र २ का साथै पोखरा नगरपालिका–३२ बाट पनि बिक्री भइरहेको छ । उहाँका अनुसार फार्मबाट वार्षिक २० देखि २५ हजार कुरिलोका बिरूवा बिक्रीवितरण गर्ने गरिएको छ । स्वास्थ्यका लागि उपयोगी कुरिलोको टुसालाई तरकारीका रूपमा बढी प्रयोग गरिन्छ । यसमा प्रशस्त मात्रामा प्रोटिन, भिटामिन, फाइबर, क्याल्सियमसँगै अन्य विभिन्न पौष्टिकतत्व पाइने र बच्चादेखि वृद्धसम्म सबैका लागि उपयोगी हुने चिकित्सकले बताएअनुसार आफूले यसको व्यवसायमा जोड दिएको खनालको भनाइ छ ।

उहाँले फार्ममा आउने वा बुझ्न चाहने जो कोहीलाई कुरिलो, सिप्लिकानलगायत खेतीका प्रविधि, उपयोगिता र बजारीकरणलगायत विषयमा जानकारी गराउँदै आउनुभएको छ । कृषिबारे ज्ञान, सीप र प्रविधिबारे जानकारी गराउने भएकोले उहाँको फार्म एउटा जीवन्त पाठशालासमेत बन्दै गएको छ । व्यावसायिक कृषिसँगै पत्रकारिता र शिक्षण पेसालाई सँगसँगै अघि बढाउनुभएका खनाल रेडियो नेपाल र आदर्श समाज राष्ट्रिय दैनिकमा संवाददाताका रूपमा कार्यरत हुनुहुन्छ। रोजगारीको खोजीमा धेरै नेपाली युवाहरु विदेशिने गरेको अवस्थामा सम्भावनायुक्त कुरिलो, सिप्लीकान जस्ता खेतीतर्फ आफू लागेको उहाँको भनाइ छ । यसबाट अन्य युवाले पनि प्रेरणा लिँदै व्यावसायिक उत्पादन गर्न सक्ने खनालले बताउनुभयो । व्यावसायिक कृषिका माध्यमबाट स्वदेशमा नै केही गर्छु भन्नेलाई पहिचान गरी उनीहरूलाई प्रोत्साहित गर्ने वातावरण राज्यले तयार गनुपर्ने र त्यसमा आफू पनि सहकार्य गर्न तयार रहेको उहाँले बताउनुभयो ।

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित भञ्ज्याङ राष्ट्रिय दैनिक पत्रिकाको लागि सम्पादक : नारायण खड्का ।
कार्यालय : ब्यास-२, दमौली, तनहुँ । फोनः ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com मुद्रण :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४